# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७५/ १० /०४

तेस्रो अधिवेशन

(पहिलो बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. माननीय सदस्यहरू,

यस सभाको तेस्रो अधिवेशनको पहिलो बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. माननीय सदस्यहरू,

तेस्रो अधिवेशनको पहिलो बैठकमा सम्पूर्ण माननीय सदस्यहरू लाई हार्दिक स्वागत गर्द छु । यो अधिवेशन उपलब्धी मुलक रहोस भनी शुभेक्षा व्यक्त गर्दछु । माननीय सदस्यहरुले अझै मर्यादित तथा अनुशासित भई सक्रियरुपमा सहभागी हुदैं बैठक सञ्चालनमा सहयोग पुऱ्याउनु हुने छ भन्ने अपेक्षा राखेको छु ।

३. माननीय सदस्यहरु,

संघिय लोकतान्त्रीक गणतन्त्र प्राप्तीका लागि संघर्ष गर्दै आफ्नो प्राणको आहुती दिने ज्ञात अज्ञात सहिदहरू प्रति सम्मान प्रकट गर्दै आ-आफ्नो स्थानबाट उठेर १ (एक) मिनेट मौनधारण गर्न सम्पूर्ण माननीय सदस्यहरूलाई आग्रह गर्दछु ।

माननीय सदस्यहरू, आ-आफ्नो ठाउँबाट उठेर एक मिनेटको मौनधारण गरौं ।

***(मौनधारण गरिसके पछि)***

४. माननीय सदस्यहरू,
सुदूरपश्चिम प्रदेश प्रमुखको कार्यालयबाट मिति२०७५।१०।०२ च.नं. ९९ को पत्र प्राप्त हुन आएको छ । अब, म उक्त पत्र पढेर सुनाउछु ।

**विषयः प्रदेश सभाको तस्रो अधिवेशन आह्वान गरिएको ।**

माननीय सभामुखज्यू,
प्रदेश सभा, सुदूरपश्चिम प्रदेश,
धनगढी, नेपाल ।

नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम सुदूरपश्चिम प्रदेशकोप्रदेश सभाको तेस्रो अधिवेशन सम्वत् २०७५ साल माघ ४ गते शुक्रबार दिनको १४:०० बजे बस्ने गरी आव्हान गरेको छु ।

**मोहनराज मल्ल**
**प्रदेश प्रमुख**

***(पत्र पढेर सुनाईसकेपछि)***

५. मा० सदस्यहरू,

तेस्रो अधिवेशनको पहिलो बैठक भएकोले शुभकामना आदान प्रदान प्रयोजनका लागि प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनैतिक दलहरूबाट प्रतिनिधित्व हुने गरी केही माननीय सदस्यहरूलाई बोल्ने अवसर प्रदान गर्न सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम विशेष समय निर्धारण गरेको छु । सर्वप्रथम माननीयभरत बहादुर खड्कालाई समय दिन्छु ।समयय १० मिनेट

**माननीय भरत बहादुर खड्का** :- सभामुख महोदय, यो तेस्रो अधिवेसन को हामी आज प्रारम्भमा छौ । हामिले २ वोटा अधिवेसनको समाप्ति पछी तेस्रोमा हामी प्रवेस गरेका छौ । सभामुख ज्यु को अनुमति लिएर म सवै माननीय सदस्य ज्यु र सम्पुर्ण प्रदेशवासी हरुलाइ हार्दिक सुभकामना व्यक्त गर्न चाहन्छु । नेपालमा परिवर्तन भैसकेपछी अव जनता हरुले घरदैलोमा सरकार खोजेका हुन ।अवका दिन सुखका दिन हुन भन्ने खजोका हुन । गरिविको रेखा मुनिवाट मुक्ती पाउन खोजेकाहुन । सान्ति सुरक्षा जस्ता कुराहरु वाट सुशासन तर्फ जान खोजेका हुन । तर सुभकामना आदान प्रदान गर्ने क्रममा पनि हामिलाइ केलागेको छ भन्दा संसदको प्रभावकारिता पनि खोजेका हुन । प्रदेश सरकारको पनि प्रभाव कारीता खोजेका हुन । तर प्रदेश सरकारको प्रभावकारी अत्यन्त न्युन जस्तो देखियो । ०.८ प्रतिसत पुजिगत तर्फ दुइवटा वजेट हामीले ल्याइ सकेका छौ । ०.८ भन्दा मजस्ताको र सुदूर पश्चिम वासी एउटा स्वाभीमानी नागरिक को सिर झुक्छ । जो प्रदेश सरकारको अवस्था याहाँवाट वुझिन्छ । मलाइ जहाँसम्म लाग्छ । प्रतिपक्षका हिसाफले हामीले याहाँको आर्थिक सम्वृधि र विकासका कुरामा कुनठाँउमा सहकार्य गर्नु पर्दछ र कसरी सहयोग गर्नुपर्छ । यो हाम्रो प्रतिवद्धता छ । हामी त्यो व्यवहारले देखाँउछौ । हामीले भनेकापनि छौ । गरेका पनिछौ । अव सान्ती सुरक्षाको कुरा गर्नेहो भने अत्यन्त खस्केको अवस्थाछ । निर्मलाको वलत्कार पछि भएको हत्या देखी लिएर त्यस्ता धेरै घटनाहरु भए अहिले पनि सीर निहुरेकै छ । जस्मा जस्टीस हुनसकेन अव यस्तै सुदूर पश्चिम विश्व विद्यालयको अवस्था एउंटा मात्र विस्व विद्ययालय थियो । सुदूरपश्चिममा त्याहाँको अवस्था पनि खरावछ । त्यस्तै गरेर एउटा कुरा केहो भन्दाखेरि योजनाको कुरागर्दा खेरिमा पनी आज कुनठाउवाट अख्तियारी दिने कस्लेदिने कस्ले इम्प्लीमेनट दिने भन्नेकुरा ६ महिना भै सकेकोछ । यो वजेट आएको त्यसकोपनि टुङ्गोलागेको अवस्ता छैन । यो वजेट पनि फ्रिज जानसक्ने सम्भावना हरु वडेकोछ । हामीले धेरै आइडिया हरु दियौ । न सरकारले आफ्नो कुरालाइ राख्न सक्यो । न दिएकोकुरा सुन्नसक्यो । त्यतिमात्रहोइन म मुख्य मन्त्री लगाायत सरकारका वरिष्ट मन्त्रीहरु संग योजना सृजना कसले गर्ने? त्यस्का केही झ्यालुहरु छन भनेर पटक पटक भन्दा खेरी योजना हरु अराजक ढंगले अहिले वाडिएका छन । तिनको भविस्य के हुन्छ आज योजना हरु वेचिए भन्ने कुरा व्यापक छ । त्यति मात्रै होइन साधारण वेक्ति हरुले मइले योजना हाले माननीय हरुको केही हैसियत छैन । भन्नेपनि सुनाइएको छ । योजना वेचिएको भन्ने सुनइएको छ । त्यो माननीय हरुपनि मुछीएका छन । त्यसैले गर्दा ती योजना हरुको भविस्य केहुन्छ ? सस्थागत ढंगलेजाउँ गाउँपालिका नगरपालिका र सानसदहरु वाट योजना हरु सृजना गर्नेगरौ त्यसको एकाउन्टलिटि पनि तिनी हरुलाइ दिउँ हामीले वारम्वार भनिरहेकाछौ ।

सानसद हरुलाइ तपाइहरुले सम्मानत गर्न सक्नु भएन । अपमान गर्ने अधिकार पनि छैन । आज जहाँ सम्म याहाँको प्रभावकारीताको कुराछ । सदनको सरकारको विजनेसको भरमा सरकारको एजेन्डाको भरमा मात्र संसद प्रभावकारी हुन सक्छ । सरकारको त्यो विज्नेस र एजेन्टा नभइकन सरकार आफै प्रभावकारी हुन सक्दैन । संसदमा कुनैसमस्या छैन । प्रतिपक्षवाट सवै सांसद साथी हरु सवै सांसद माननीय ज्युहरु यो प्रदेशको आरर्थीक विकास सान्ती सुरक्षा सुसानका लागी हामी एकजुट छौ र संसदलाइ त्यो सहयोग गर्न तयारछौ । तर सरकार किमकृतव्य मुडको अवस्थामा छ र सरकारमा वसेका मित्रहरु लाइ अप्ठेरो लाग्ला यो भरतखड्काको भनाइ होइन प्रतिपक्षको भनाइ होइन । सुदूरपिश्चमका नागरिक को भनाइ हो र सरकारले गति लिन नसक्नुका कारण केहुन र आर्को कुरा मलाइ के लाग्छ भन्दाखेरि यो अराजकता ज्यादै वड्यो । मुख्य मन्त्रीका सचिवले पत्रकारहरुको क्यामेरा खोसिदिने सुचनाको हक पाउने अधिकार संविधानमा व्यवस्था छ र एउटा राष्ट्रको चौथो अंगका व्यक्ति हरुलाइ यो अपमान गर्न पाइदैन । यो निन्दनिय कुरा भएको छ । एउटा रुल एन्ड रेगुलेसन कायम राख्ने ठाउँमा मान्छे हरुको यो हर्कद हुनु हुदैन । त्यसैले यसमा पनि हाम्रो घोर आपत्तीछ । जहाँसम्म टेक्सका कुराहरु मैले यहि वोलेको थिए र ट्याक्स सहि ढंगले लगाउनु होस ट्याक्स वढी लगाउनु हुदैन । ट्कस चाहिन्छ । लगाउनु पर्छ । तर ठिक ढंगको ट्क्स को व्यवस्थापन सरकारले र्गनुपर्छ । भनेर हामीले भनेका थियौ । जहासम्म यो प्रदेशलाइ संघको नेत्रीतत्वले पनि प्रदेशको अंगसुचिमा भएका अधिकार दिन चाहेन र प्रदेश सरकारका पनि यहिभुमिका रह्यो भने प्रदेश प्रतिको वित्रीष्णा वड्दै गएकोछ । यो मोडल असफल हुन सक्छ । त्यसैले हामी लाइ चिन्ताछ । म सरकारका मुख्य मन्त्री देखी लिएर लिडर हरुलाइ के भन्नचाहन्छु भने जुन अनुसुचिमा प्रदेशलाइ राखेको छ । जुन अधिकार दिएकोछ । त्यो वैधानिक रुपमा दिनुपर्छ र यसको क्रियासिलता वडाउनु पर्छ । त्यो आट सरकारका मुख्यमन्त्री र याँहाको सरकारले गरोस पर्तिपक्ष तपाइहरुका साथमाछ । यो अधिकारका लागि लडाइ लड्न प्रतिपक्ष तपाइ हरुलाइ साथ दिन्छ । कि प्रदेश सरकार पनि हाम्रो प्रदेशमा छ । भन्नेखालको अनुभुति दिलाउँ अवत यो तलव भत्ता खान पनि लाजलागि सकेकोछ । केकालागि सानसद हुनु ? केको लागी सरकारमा जाने ? जनताकालागी हामीले के गर्‍यौ ? त्यो समिक्षार विस्लेसण गर्नुहोस र प्रतिपक्ष वाट याँहा कुनै व्यवधान पनि छैन । त्यसैले यो डल्लो वजेटको वारेमा धरैचोटी कुरा भयो । अप्रजातान्त्रीक कुरा नगर्नुहोस । विधिको साशनमा अगाढी वड हामीले मुख्यमन्त्री ज्यु को कार्यालयमा वसेर जेन्टिलमेन कुरा गर्यो । यसरि तपाइ नजानुहोस । यो राम्रो होइन । यो विधि र पद्यति भन्दा वाहिर छ । त्यसैलेगर्दा खेरी यसलाइ सहिढंगले जाओस । सहि सदुपयोग गरोस । जसले जनताले न्यायोचित तरिकाले यसकोसेवा पाउन उहा याहाँ मुख्यमन्त्री ज्यु पनि यहि हुनुहुन्छ । यो डल्लो वजेट तपाइहरुको सामुन्नेमा न्यायोचित तरिकाले यसको व्यवस्थापन गर्छु । भनेर उहाले वोलेको कुरा रेकर्डछ । तर आज डल्लोवजेट काहाँ गयो कसरि खर्चभयो ? त्यसको लेखा जोखा चाहिएकोछ । संसदमा लेखाजोखा दिनुपर्छ । र लिनुपर्ने ठाउमापनि लेखाजोखा लिइन्छ । त्यो लिइन्छ । लिइन्छ । त्यसैले कसैलाइ जनताले तिरेको ट्याक्स कसैको मनोमानी ढंगले खर्च गर्नपाउने अधिकार न प्रधामन्त्रीलाइ छ । न मुख्यमन्त्रीलाइ छ । त्यसका विधिछन । पद्धतिछन त्यसको निर्माण गर्नेकाम स्वयम सरकारवाट उलङ्घन भएकोछ । यो घोर आपत्तीकोकुरा छ । त्यसैले हामिभन्न चाहन्छौ

कि प्रदेशमा सरकारको अवस्था योछ ०.८मुखले भासणगरेर हुदैन भिजन रविलपावर र इमानदारिता भयो भने धेरैकुरा गर्न सकिन्छ होइनभने खरवौ रुपैया हातमालिएरपनि केहि हुदैन ।यहितालले सरकार जानेहोभने तपाइ ५ वर्ष सम्म मुद्धतिमा राखिदिनुहोस त्यो पैशा दुइवटा वजेट खर्च भएको छैन । कहावाट अख्तियारीदिने कुननिकायले इम्प्लिमेन्ट गर्ने आज भ्रस्टाचार त्यत्तीकै वढेकोछ । वलत्कारकाघटना त्यत्तीकै छन । महङ्गाइ त्यत्तीकैछ । साधारण गरिव जनताले थेग्नैगाह्रेछ । काहि नियमनन् छैन त्यसैले गर्दाखेरी यसरी सरकार चल्दैन ।परिवर्तन पछि जनताले घरआगनमा हामिसंग सरकार छ भन्ने खालको अनुभुती खोजेका हुन । आज हामिले जनतालाइ सम्मान सम्म गरेनै । यो पच्चीश लाख मानिस वसोवास गरेका मात्रै ठाँउ हो । सुदूरपश्चिम । विहारमा सोह्र करोड,सत्र करोड छ । उत्तर प्रदेशमा त्यत्रो जनसंख्या को व्यवस्था गरेका छन । पच्चिस लाख जनसंख्या भएको धेरै सम्भावना भएको प्रदेशलाइ साच्चिकै धेरै पाँच/दश वर्षमा धेरै कुरा गर्न सकिन्छ । त्यसैले म खहिलेपनी प्रतिवद्धता जाहेर गर्न चाहान्छु । योमोडल लाइ सफल वानउनुको विकल्प छैन । सरकारलाइ यो प्रदेशको आर्थीक उन्नती र विकासकालागी र याहाँका लागि प्रतिपक्षले कुनठाँउमा कस्तो खालको सहयो गर्नुपर्छ । हृदयदेखी हामी व्यवाहारमा सहयोग गर्न तयारछौ । तपाइहरु यो तरिकाले नचल्नुहोस । आज हामी सवैको शिर निहुरेको छ । सरकार गति लियोस मेरो सुभकामना छ । म पर्तीपक्ष दलको तर्फवाट हरकुरामा सहयोग गर्न हामी तयार छौ । धन्यावाद ।

**मा० विरमान चौधरीज्यु:-**माननीय सभामुख महोदय हिउदेअधिवेसन हाम्रो प्रदेशको तेस्रो अधिवेसन मा आज पहिलो दिन मलाइ लाग्दछ । हामी ३ महिना पछि हामी ले हिउदे अधिवेसनको आहवान गरेका छौ र विगत लामो समय देखी हाम्रो देश एउटा समस्यामा फसेको थियो । त्यो भनेको हामी विगत देखि अहिलेसम्म अहिलेपनि एउटा वोध भइराखेको छ । की हाम्रो राज्य हाम्रो देश हामी संघियतामा जानेकि नजाने उलटो दिसातिर वहस हुन खोज्दैछ । विभिन्न ठाँउको हाउसमा मैलेदेखे न्युजहरुपनि सुनिराखेको छु । किनकी संघिय संरचना रहन्छकि रहन्न भन्नेवाट संघियताको कार्यानयनको प्रश्न उठाउन खोजिएको छ । त्यसले हामी कतातिर जादैछौ । माननीय सभामुख महोदय म एउटा विनम्र अनुरोध गर्न चाहान्छु । एउटा स्मरण गराउन चाहान्छु । हामीले धेरै वलिदानवाट संघियता ल्याएका छौ । धेरै वलिदानवाट हामीले स्थानीय तहदेखी लिएर संघीय सरकारको परिकल्पना गरेकाछौ । र जस्ले गर्दा नेपाली जनताले त्यती वलिदानवाट गरेका कुरालाइ हामीले सामान्य ठानेका छौ र हामीले सहजै तरिकाले के हुन्छ ? भनेर पहिचान गर्दै छौ । यसको अर्थकेहो ? भने हामी इमान्दारि पुर्वक तरिकाले संघियता कार्यानयन गर्ने पक्षमा छौकि ? छैनौ । भन्नेकुरा हामी अफैमा कतिपय दलमा हामी देखिराखेका छौ । कसले वाचकचिन्ह खडा गर्छ ? त्यस्ले हामी योवाट अगाढी वड्न सक्छै कि ? सक्दैनौ । अनि हामी कुरा गर्दैछौ संघियताको एकचोटी अध्ययन हामी ले गर्न जरुरिछ । कुनदेशमा कसरी संघियता कार्यानयन भयो र हामी ले जादुको छडिजस्तै हामी ले मानेका छौ । हामी देशको टोटल संरचनामा हामी राजनितिक संरचनामा मात्र होइन । प्रशासनिक देखी हरेक संरचनामा हामी नयाँ प्रक्रियामा हामी जादै छौ । त्यो प्रक्रियालाइ हामी किन अवलम्वन गर्न तयार छैनौ ? मलाइ लाग्छ । हामी ले दोस प्रत्यारोपण गरिराखेका छौ । यो दोस प्रत्योरोपण गर्ने वेला होइन । संविधान कार्यानयन गर्ने सिलसिलामा अहिले हामी ले एकले आर्कोलाइ आक्षेप लगाउने विषय तिर किन जान्छौ । कि हामी आफै प्रगतिसिलतिर अथवा अगाढी वड्नकालागी आफैत वाधक छैनौ भन्ने प्रश्न

राजनितिक पाटिहरुमा अहिले स्थापना वाल्याकालमा रहेको सिसु गणतन्त्रलाइ कसैले निमोट्ने पर्यासत गरिराखेका छैनौ । प्रश्न धेरै जव्वर तरिकाले उठिराका छन | गहिरोवाट उठि रहेकाछन तर मलाइलाग्दैन । त्यता पट्टी गएर जनताले साथ देलान जनताले  अहिले पनि हामी लाइ के निर्देश गरि राखेको छ भने तिमी हरुले जुन व्यवस्थाको परिकल्पना गरेकाछौ त्यसको सुस्म अध्ययन गरेर अगाढी वड । भनेर निर्देस गरिराखेको वेलामा हामी फेरिपनि पछाडिको वहसहरु सुरुगर्ने कोसिस गर्दैछौ । यो वहसले हामी गन्तव्यमा पुग्दैनौ । मलाइ लाग्दछ । त्यसैले गर्दा यो गन्तव्यमा पुग्ने वहसको लागि याहाँ वहसको सुरुवात गरौ । हुन्छ सरकार संचालन गर्नेक्रममा हाउस संचालनका थुप्रै वेलामा मान्छे के कम्जोरिविहिन मान्छे हुन सक्दछ । हुनसक्दैन जस्तो लाग्दछ । मलाइ त्यसले गर्दाखेरि यो कुरालाइ हामी किन मनन् गर्न सक्दैनौ ? हामी अहिले थुप्रैकुरो उठाइ राखेका छौ । कानुनका कुरा हरु उठाइ राखेकाछौ । नियमका कुरा उठाइ राखेका छौ । तर हामी आफै त्यो नियम पालना गर्न हामी तयार छौ । कि छैनौ ? त्यसैले गर्दा खेरि पहिलो कुरा हामी अफैमा आफैलाइ हेर्न जरुरि हुन्छ । यदि हामी ले हेर्न सकेनौ भने मलाइ लाग्छ आफूले हेर्न सकिएन भने हामी लाइ संसारले गलत देख्न खोज्छ । हामि आफै सही हुनुपर्छ पहिले त्यसैले गर्दाखेरी जुन अहिले गणतन्त्र स्थपना भएकोछ धेरैवलिदानवाट आएकोछ भनेर मैले जोड्दिन मैले दोह्रएर भनेअघि र अहिलेफेरि जसरी स्थानीय तहमा संरचनाहरु अपुगको कुराहरुछ । प्रदेश त झन अत्यन्त नयासंरचनाछ । प्रदेशको सरकारले गरेको परिकल्पना हम्रो योदेश जसतो संघिय मुलुकभनेको समुनयकारी भुकाको आधारमा अगाडि वडिराखेकोछ हामिले कानुनै त्यस्तै वनाएकाछौ संविधान हामिआफै संविधान निर्माता भएको हुनाले हामि संविधान निर्माण गर्नेक्रममा त्यस्तो संविधान वनायौकी एकअर्काको पुरकनभइकन न संविधान हामि कार्यानयन गर्नसक्छै । नहामि संघियता कार्यानयन गर्नसक्छौ नहामि अगाढि दिशामा वडन सक्छौ । त्यस्तो दिशामाहामी आफैले सहमत भएर अहिलेहामी फेरि आफुले वनाएकाकुरा यतिचाडो ७२ सालमा हामिले असोजको ३ गतेल्याएको संविधान आजकोहामि भर्खरैचै १/१.५वर्षमा संघियता कार्यानयनको दिशामा जादाखेरी प्रश्न उठन सक्छ । त्यसैले मलाइ लाग्छ अहिले वेलाभाको जस्तो मैले ठान्दैन तर भएपनि अव यहिनिर अलिकतिख समस्या अहिले नया श्रीजना भएकोछ । नयासमस्या श्रीजना भएको केछ भने अहिले हामी जुनहामी पुरानोढर्रामा छौ विगतदेखी अहिलेसम्म त्योढर्रा हामि खोल्न तयारछौ त्योहो नयासमस्या त्योढर्रा खोल्न हामितयार हुन्छौभने हामी अगाढी वडनेवाटो त्यो ट्राक अगाढी वडछ । मलाइ त्यस्तै देखिइराखेकोछ ।  अहिले जसरी सरकारले कडा परिश्रसहित मेहत गरिराखेको मैले देखीराखेकोछु । थुप्रैअड्डा हरु खडागरेको छ । यस्तो अवस्थामा कमचारी समायोजनको क्रममा रहदाखेरी त्यो प्रोसेस हरु अगाढी वडिराखेकको छैन । हामिले देख्दैछौ किनकी कमचारी सायोजनको विषयलाइ अहिले फाइनल नहुदा सम्म न प्रदेश सरकारमा कमचारीको पुर्तिभएको छ । न स्थानीय तहमा त्यो पुर्ति भएकोछ । अहिले भर्खरै हामिले देखिराखेका हुन्छौ एउटासचिव एक डेडमहिना वस्छ अर्कोसचिव फेरि चेन्ज भै सकेको हुन्छ । आर्कोप्रोसेसिङ वन्द भैराखेको सन्द्रभ मैले देखीराखेको छु । कयौदेशको अवस्थापनि हामिले हेर्यौ कमचारी समायोजन गर्दा खेरी कतिचाडो गर्दोरैछ भने संघियता मैले यहिमन्चवाट भनेकोछु । संघियता कार्यानयन गर्ने र कमचारी समायोजन र संघियता कार्यानयन छिटोमा चार वर्षमा मात्रैगर्छौ त्यस्तो सवैले गल्तिहेर्दा पौनैचार वर्षको अवधिमा सवभन्दा छिटो संघियता कार्यानयन गरेकामुलुक हरु छन । त्यो तपाइ हामिमात्रै होइनौ तर मैले त्यो भन्नखोजेको हैनकी हामिले ढिलागर्यौभनेर सक्दा हामिलेचाडो तर त्यो गर्नुपर्छ

चाडोगर्नलाइ तपाइहामि सवै राजनितिक दलहरु योजुन परिवर्तनको मुद्दा उठाएका थियौ त्यसको साथसहयोग अनिवार्य हुन्छ । यदि त्यो गर्नसकेनौ भने मलाइलाग्छ तपाइ हामिले गरेको परिकल्पना र हाम्रा सहीद हरुले गरेका परिकल्पना मा हामि अगाडिवड्न सकदैनौ हामि आफै पनि हाम्रो प्रदेशमा विकाशका लागि के अवधारणा पेसगर्न सक्छौ यो हामिले आफैले गर्नसक्दैनौ हामिले कुन त्यस्तो तत्व खोज्दैछौकि कुन संरचना खोज्दैछौ जसलेगर्दाखेरि प्रदेशको वजेटिङको लागि प्रदेशको योजनाको लागि हामि नया संरचना कुन हुन सक्छ । हामि विकल्प दिन सक्छौ विकल्पछ हामि संग अहिलेको रहेको मौजुदा संरचना जो हामिले कल्पना गररेका छौ । त्यसको विकल्प दिऊ त्यो विकल्प मैलैदेख्दैन अहिले यहि प्रदेशले जो गतिलिराखेको छ एउटा सुक्ष्मतरिककाले अगाढी वढीराखेकोछ त्यस्तै दिर्घकालिन रुपमा ठिक तरिकाले ट्राकमा लग्नलाइ अगाढी पाइला चालेकोछ त्यो ट्रेकमा चालेको पाइलालाइ हामिअगाढी जानसक्छौकि सक्दैनौ भन्नेकुरावाट हामी वुझ्न जरुरिछैन ? अहिले भखरैजन्मेको वच्चालाइ हामिले दौडाउन खोज्दा त्यसले दौडनसक्छकि सक्दैन यो कुरा हामिले वुझनु पर्छकिपर्दैन । त्यसैले गर्दाखेरि मेरो भनाइ केहोभने हामि भर्खर जन्मेकोवच्चावाट हामिले ठुलो भारिवोकाउने आसानगरौ त्यो वच्चालाइ हामिले हुर्काउनुछ । त्योवच्चालाइ हामिले पालन पोसण गरेर वडाउनुछ । त्यो त्यसमा त्योवच्चालाइ आइपर्ने हरेक समस्या तपाइ हामी भाइवनेर तपाइहामी आमावनेर यस्लाइ हुर्काउनुछ । अहिले हामी हुर्केको झै हामि अगाढी गएर यसले सवैकुरागर्न सक्छ भनेर कल्पना गर्दछौ । योजनाछनौट हामि सबैले सांसद हरुलेउठाएका हैनन् सांसद विनाको योजना किनछनौट गरिन्छ भनेर हामिले आफैउठाएका हैनौ अहिले साँनसद हरुले दिएका योजनाका हामिले वदलाव किनकुरा गर्दछौ हामिभन्दा वायाँ दायाँ वायाँ कुरानगरौ हामिस्थानीय तहमा कतिपय साथिहरुले व्यक्तगर्नु भएकैहौ हामि स्थानीय तहमा त्यती भरपर्दैनौ भन्नेकुरा व्यत्तभयो यहि मञ्चवाट व्यक्त भएको हैन?हामिले आफैले वोलेको कुरा विर्सिराखेकाछौ त्यसलेकुरा त्यस्तो होइन हामि आफैले जुनआफनो स्वयत्व प्रदेशको स्वत्व खोजदै छै प्रदेशको संरचनाभएर घोचिदिनेकि हरेक कुरा हामिले खोजिराखेको छौ भनेर त्योवाटत हामिडग्मगाउनुत भएननी किनहामि डगमगाउदैछौ यो डग्मगाहर र डग्मगाहटको मैले अर्थ वुझ्न माननीय सभामुख महोदय हामी यही मञ्चवाट पटक पटक व्यक्तगरेको छौ वाचाहरु गरेका छौ त्यो वाचाअनुसार हामि अगाडि वढीराख्न सकिरखेकाछौ कि छैनौ व्यवाहारिक रुपमा हेर्न जरुरिछ ।हामिले प्रतिवद्यता गर्ने वाचा हरुमात्रै गर्नेत्यसलाइ कार्यानयन को सिल्सिलामा आइपर्ने अप्ठेरा हरुमा कस्ले फुकाइ दिन्छ के यो दुनियामा यो हाउसमा रहेका हाउसभन्दा वाहिरका रहेका वाट हाउस वाहरिवाट समस्या समाधान खोजेका हौ हामि यहि हलवाट समाधान गर्न सक्दैनौ । माननिय सभामुख महोदय मेरो अनुरोध केछभने यहि हाउसवाट हामिसक्छौ यहि हाउसवाट संविधान जारिगर्न सक्छौ । यहिवाट हामि निकास दिन्छौ आइपर्ने समस्याको सामाधान हामि आफै जुट्नसक्नुपर्छ ।त्यसैले गर्दाखेरि मेरो अनुरोध मात्रैकेहो भने हामि आफै देशले आफै समाधान दिन किन तयार छैनौ समाधान दिनको लागि हामिलाइ जनताले प्रतिनिधी वनाएर पठाएका हुन त्यो समाधान दिन हामि तयार हुनु पर्छ । त्यसैले गर्दा मेरो अनुरोध केहो भने यहिनिरै हामियो समाधान देखेर डराउनु हुदैन समाधान संग समस्यासंग जुधेरजानेनै मलाइ लाग्छ सक्षम्ता हून्छ भन्ने मेरो अनुरोध छ । यहि कुरा राख्दै म विदा हुन्छु हवस्त अभिवादन ।

**मा०श्रीमान बहादुर धामी-:**-माननीय सभामुख महोदय आज सुदूरपश्चिमप्रदेशको तेस्रो अधिवेसनकोपहिलो वैठको अधिवेसनमाछौ दुइवटा अधिवेसन हरु सुदूरपश्चिम प्रदेशले सफलताका

साथ सम्पन्न गरेकोछ र तेस्रो अधिवेशनको प्रारम्भिक चरणमा हामी प्रवेश गरेकाछौ माननीय सभामुखमहोदयको अनुमतिले सवभन्दा पहिलेत यो तेस्रो अधिवेसनको कार्यकुसलताको हार्दिक मंगलमय सुभकामना व्यक्तगर्न चाहन्छु । माननीय सभामुख महोदय हामिले पटक पटक भन्दै आएका छौ । हामिले पटक पटक सयुक्त रुपमा वाचा र वन्धनहरु व्यक्तगरेका थियौ । यो देशमा संघियलोकतन्त्रीक गणतन्त्र स्थापना गर्दाखेरी हामिले नेपालका समग्र तत्कालिन राजनैतिक दलहरुले एउटै प्रतिवद्धता जाहेर गरेका थियौ । यो देशमा सामन्तवादको अन्त हुन्छ । एकात्मक राज्य व्यवस्थाको अन्त हुन्छ र हामिले संघिय लोकतान्त्रीक गणतन्त्र नेपालको स्थापना गर्छौ भनि हामि एउटै मोर्चामा लागेका थियौ । आजहामी यो सफलतामा पुगेका छौ । त्यो सफलतामा यो सफल्ता सम्म आइपुग्नको लागि नेपालका राजनितिक दलहरु हामि सवै जसरी यो अहिले हाल सम्म आइ पुगेकाछौ हामी सवैको एउटा साझा पुँजीको रुपमा यो सुदूरपश्चिम प्रदेश आज स्थावित भएको छ । म सम्मान व्यक्तगर्नचाहान्छु । म हार्दिक शर्दान्जली व्यक्तगर्न चान्छु ति माहान सहिद हरु जस्ले यो देशमा एकात्मक राज्य व्यवस्थाकका विरुद्ध ठुल्ठुला लडाइर संगर्स हरु गरे जस्ले लिडरशिप व्यक्त गरे योदेश लाइ नेत्रीत्व गरे तिमाहान राजनितिक व्यक्तित्व हरु उहा हरुलाइ म सम्मान व्यक्तगर्न चाहान्छु आज एकात्मक राज्य व्यवस्था वाट हामिले चाहि यो देशलाइ  संघिय लोकतानत्रिक गणतन्त्रको व्यवस्था मा हामिले परिवर्तन गरेका छौ ।मुलकुरा हामि अहिलेको अवस्थामा हाम्रो प्रदेश कुन ठाउँमा छ र हाम्रो वइ कता जादैछ भन्ने कुराहो हामिले अहिलेनै दुई चार खुट्किला र आठ दशखुट्किला पार गरिहाल्नुपर्ने अहिलेनैति तार्गेट सम्म पुगिहाल्नुपर्ने अवस्था हरु स्वभाविक रुपमा जनताका तिव्र इच्छा र चाहाना हरु हुन्छन । तर हामीले प्रदेश सरकार र प्रदेश सभा पनी हामीले चाहि भर्खर हामीले जन्माएका थियौ । प्रदेश सरकार गठन भएको लगभग १ वर्ष पुग नपुग हुदै छ । हामीले हरेक कुरा हरुमा चै सहमति र सहकार्य को वाटो र स्टेवहरु लिदैअगाढी वडाउने लक्ष्यहरु जोगाइ राखेका थियौ । हाम्रा अगाढी थुप्रै चुनौति हरु हुदा हुदै अहिलेको हाम्रो प्रदेश सरकार संघिय सरकार संग कोडनेसन गरेर सहकार्य गरेर र स्थानीय सरकार संग सहमति र सहकार्य हरु गरेर अगाढी वडिरहेको परिपेक्षमा हामीलाइ थाहाछ । यो देशमा संघिय लोकतान्त्रीक गणतन्त्र स्थापना भैसकेपछी हाम्रा अगाढी थुप्रै वाधा र व्यवधान हरु थिए हामीले २०७२ सालको संविधान एउटा सहमतिका आधारमा तयार गरेका थियौ र त्यो संविधानका आधारमा हामीले प्रदेश र स्थानीय तहका सरकार हरुचौ चलाउने एउटा स्वच्छ  परिकल्पना थियो । त्यो परिकल्पना अनुसार हामीले देखिराखेका थियौ केन्द्रीय सरकार संघिय सरकार ले जस्तो एकको पछी अर्को स्टेप हरु लिदै आफ्नो लक्षमा अगाढी वढीराखेको छ । त्यसैगरी त्यो केन्द्र सरकारको पाइला लाइ पच्छ्याउदै प्रदेश सरकार पनि आफ्नो वइ मा अगाडि वडि राखेको कुरा  म यो सभामा व्यक्त गर्नचाहन्छु । हामिले देखिराखेका छौ । भर्खरैमात्र नेपाल सरकाले हिजोमात्रै प्रधानमन्त्री रोजकार कार्यक्रम ल्याएकोछ ।मैले आज विहान एउटा वेवसाइटमा हेरे विगतका राजनैतिकदलहरु र विगतका सरकारले   कर्मचारि छनौटगर्ने प्रक्रियात्मक थियो ।तर आज हिजो वेवसाइट हेर्दाखेरी सफ्टवेयरका माध्यम वाटै प्रधानमन्त्रि सोरोजगारका लागि क्रमचारिहरु छनौट गर्ने नेपाल सरकारले संघिय सरकारले एउता महत्वपुर्ण कार्यक्रम ल्याएकोछ यसमा चै अव नेपालमा भएको दक्ष  जन शक्ति हरुको सम्मान हुन्छ । भन्ने कुरामा हामि विस्वस्त छौ । नेपाली हरु विस्वस्त छन ।यति मात्र  हैन सवै श्रमिक र सोजगार दाता लाइ हाम्रो आहवान सामाजिक सुरक्षामा अनिववार्य सुचिकरणको अभियान  भन्ने नाराका साथ  संघिय सरकर अगाडी वडेको  छ। यो नारामा हामिले हेर्नेहो भने साच्चिकै रुपमा जति हामि संग श्रमिक हरु थिए हामिसंग  चै लेवर गरेर आफ्नो दिनचर्य गर्ने व्यक्ती  हरु थिए त्यो अदक्ष  जनसक्ती हामि संग थियो अव त्यले

पनि कुनैन कुनै माद्यमवाट मैले अव रोजगार प्र्प्तगर्छु भन्ने एउटाचैगम्भिरताका साथ गर्भकासथ आफ्नोचै उसले सानै भएपनि श्रममा जोडिने एउटा हौसला पाएकोछ । त्यो परिस्थितिको चै सृजना भएकोछ । त्यतिमात्र होइन माननीय सभामुख महोदय जमिन र सेयर वजारमा जसरि दलाली करण थियो विगतमा अहिले संघिय सरकारको एक्सन को कारणले गर्दाखेरी जमिन र सेयर वजारमा भएको दलाली करण अन्त गरेको छ यो अहिलेका सरकारका उपलब्दिका विषय वस्तु हरु हुन ।त्यतिमात्र हैन । जसरि आर्थिक वृदी दरको सुचकाङ्क थियो त्यो सुचकाङ्क यो आर्थिक वर्षमैदुइवटा अंकको पुग्ने लक्ष राखिएकोछ ।हामिले त्यो देखि राखेकाछौ भारत भन्दापनि अलि नेपाल आर्थिक सुचअंमा वृधि केहिस्टेप अगाडि गैराखेको हामिले परिस्थिति सृजनाभएकोछयो अनुभुति गरिराखेका छौ । हामिले हेर्‍यौ विगतमा जसरि एउटा खालको परिस्थितिमा चै सिन्डिकेटको माद्यमवाट चै वजारलाइ एकिकरण गरिराखेका थिए र केहि पुजिपति हरुले आफ्नो हातमा लिने वजारव्यवस्थापन थियो त्यसलाइ तोडनकालागि एउटा साहासिक कदम अगाडि वडाएको साहसिक कदममा अगाडि गै राखेको त्यो प्रोषेसमा गएको हामिले देखिराखेका छौ । त्यो माद्यमवाट हुदै आउदा खेरि हाम्रो अगाडि धेरै ठुला चुनौति हरु थिए कमचारि समायोजन विधेक यो अद्यादेशको मार्फत संघिय सरकारले चै पास गरेको छ ।हामिलाइ अहिले गर्भलागेको छ । सम्भवत केहि दिनभित्र एउटा स्थिर कमचारि समायोजन विधेयक पुर्णत लागु भैसकेपछि यसले सफलताको दुरि चै अगाडि वडाउछ ।यसमा हामिचै म ढुक्क हुनकालागि हार्दिक आहवान व्यक्तगर्नचाहन्छु ।त्यति मात्र हैन हाम्रो प्रदेश सरकारले राखेको लक्ष हरु हामिले देखिराखेका छौ । स्वभाविक रुपमा खर्चको हिसाफले अहिलेनै कति खर्च भयो भन्ने तर्फ हामि लाग्ने हैन सवभन्दा पहिले हामिले हाम्रो वस्ने घर झुपडिहरु वनाउन सक्यौ कि सकेनौ हामिले त्याहा हेर्ने कुरा हुन त्यसकारण माननीय सभामुख महोदय हामिले त्यो देखिराखेकाछौ । पदेश सरकारले अहिले केहिनभएपनि खरकै छानो हालेको घरपनि वस्न वनाएको छ अव त्यसभित्रवसेर चुलोचौको लगाएर त्याहाभित्रै हामि सप्पै एउटै फेम्लीको रुपमा वसोवास गरिसकेपछीहामिले हाम्रा कामहरु कसरि खटनपटन गर्ने कान्छोले कतापट्टी लाग्ने माहिलोले कतापट्टी लाग्ने जेठो को काम के यि व्यवस्थापनका विसय वस्तुहरु कमस. जादैछन त्यस कारण अहिलेनै यतिवजेट खर्चभयो उतिवजेट खर्चभयो ०.८ प्रतिशत मात्रै भयो भन्ने कुरामा चै धेरै अल्झीराख्नु पर्दैन त्यसको रिजल्ट हामि आउनदेउ कमचारि समायोजन विधेक पुर्णता प्राप्त गरि सकेपछि प्रदेश सरकारमा पनि कमचारि साथि हरुले चै सघन उपस्थिति रहनेछ यसलाइ परिचालन गर्नकालागि प्रदेश सरकार सक्षमताका साथ अगाडि वड्नेछ भन्ने चै हामिले आसा लिएका छौ त्यो हामिले देखि राखेका छौ । त्यतिमात्र हैन माननिय सभामुख महोदय जसरि विगतमा हामिलेचै प्रदेश सरकारको निती र कार्यकममा हामिले देखिराखेका थियौ अवसाच्चिकै प्रदेश लाइ सवृद्ध वनाउनकोलागि १०० करोड रुपया हामिले युवा सोरोजगार कोसमा हामिले छुट्याका थियौ मलाइलाग्छ सम्भवत चाडै १ आध मैना भित्रै योसदन समक्ष कार्यविधि विधेयक हरु आएर ऐनको रुपमा कार्यानयन भयो भने हामि ७ न. प्रदेशका वेरोजगार युवाहरुलाइ चै हामि रोजगार तर्फ सिप मुलक रोजगार तर्फ हामि अगाडि वडाउने ठुलो लक्ष हाम्रो प्रप्त हुन सक्दछ त्यती मात्र हैन याहांको जडिवुडि हरु याहाको प्रयटन त्यसलाइ सम्वर्धन गर्नकालागि हामिले निती तथा कार्यकममा ल्याएका थियौ मलाइ लाग्छ त्यो विधेयक पनि चाडो भन्दा चाडो सदनमा आउने प्रक्रीयामाछ भनेर हामिले सुनि राखेका छौ । त्यस कारण ति विधेक हरु आउने वितिकै हामि हाम्रो पक्रियामा अगाडि वड्ने छौ र अन्तमा

अहिलेनै चै हामिले जसरि विगतमा हामिले प्रतिवद्दता जाहेर गरेका थियौ एउटैनाउमा हामि खुट्टा राखेर प्रतिपक्ष र हामि सत्तापक्ष मिलेका .थियौ तर त्यो नाउवाट हामिले चै खुट्टा झिक्नु हुदैन हामि त्यो नाउमा संगै यात्र गर्‍यो भने त्योनाउ नै पारहुन्छ यदि हामिचै नाउवाट खुट्टा झिकेर तर्ने कोसिश गर्नेहो भने हामि कहिन कहिनिर इक्सडेन्टमा फस्न सक्छौ त्यसकारण एउटै नाउमा हामिले संगै यात्रा गर्न अनिवार्य आवस्यत्ता छ।हाम्रो याहाँको आर्थीक वृद्धीदर ७ न.प्रदेशको गरिविले हामिलाइ त्यो भन्छ याहाको अशिक्षा वेरोजगारले हामिलाइ भन्छ तपाइ हामिले एकैठाउमा मिलेर जानुहोस भन्ने एउटा सन्देश दिएको छ त्यसकारण हामि अझपनि सहकार्यकासाथ हामि अगाडि वड्नुपर्छ भन्ने कुरा मैले राख्दै अन्तमा पुनह यो तेस्रो अधिवेसनको पुर्ण सफलताको सुभकामना व्यक्त गर्दै विदाहुन चाहन्छु नमेस्ते अभिवादन ।

**मा० श्री रण बहादुर रावलः-** माननीय सभामुख महोदय,झन्डै साडे तीन महिनाको लामो अन्तराल पछी सुरु हुन गैरहेको यो तेस्रो अधिवेसनको सफलताको सुभकामना दिन चाहन्छु । विगतका दुईवटा अधिवेसन वाट केहि राम्रा कामहरु झन्डै सत्र वटा विधेयक हरु पास भएका याहाँ हरु सवैलाइ यादैछ।तत्पच्छात पनि अन्य प्रदेश हरुको दाजोमा हेर्दा झन्डै झन्डै अरुप्रदेसमा एकतिस , वत्तिस वटा विधेयक हरु पास भएको हामिलेवुझेका छौ । तिपनी मैले (सत्र)वटा राम्रै भनि ठानेको छु । मैले ठानेको थिए सरकार वनेका सुरुका महिनाहरु जसरि पुर्ववक्ता माननीयले भने जस्तै वास्तममासिकाइको हो । नयाँ संरचनाछ । भर्खर भर्खर संमविधान आएको छ ।प्रदेश सरकारको संरचना नया पनि भएको हुनाले जनताले वुझ्ने पनि अहिलेको संघिय संरचनामा प्रदेश सरकार भन्नासाथै प्रदेसभा भन्नासाथै नयाँसोचेको हुनाले वास्तममा केहि समयलाग्नु सोभाविक हो । त्यसैले हामिले धेरै कुरामा चाहि पुर्ववत्ता माननीय भरतवाहादुरजीले भनेझै हामिले आफ्नो प्रदेशको स्थिती आर्थीक सामाजिक राजनैतिक हर स्थिती हेर्दा हामिले धेरैकुराहरुलाइ चैमद्यनजर राखेर एउटैनाउमा अगाढि वड्नु पर्छ । हामि आर्थिक उन्नतिर सम्वृदितिर लाग्नु पर्छ भन्ने ध्येयकासाथ अगाडि वड्यौ वड्ने क्रममा मलाइलाग्छ धेरैजसोकुरामा तपाइ हरुले हेर्नुभाछ कुनैपनि विधेक हरुमा वास्तमा हुन्नभन्ने शव्दै आएको छैन केवल एउटा विसय तपाइ हरुलाइ म पछि भनौला त्यसैले मलाइ लाग्छ हाम्रो सदा सयदाको प्रसंगमा धेरै प्रश्न छैन जस्तो मलाइ लाग्छ वरु हामि विच चै जनताले हामिलाइ प्रश्न गरेका छन । प्रतिपक्षले वास्तममा गर्नुपर्ने भुमिका भन्दावहुतै सहयोगिको भुमिका वडी तपाइहरु निभाउनु भो जसको कारणले यो सरकार उदण्ड भैराखेकोछ भन्नेहिसाफको प्रश्न हरु हामिहरुमाथि आएको छ । यहि सन्द्रभमा एउटा विढम्वना प्रदेश सरकारले प्रदेश सभालाइ खासै अघिपनि कुरा आइसक्या छ । विज्नेस मात्र नदिएको हैन मलाइ लाग्छ प्रदेश सरकारले एकछिन यस प्रदेश सभालाइ खासै चासो पनि दिएको जसो लागेन एक किसिमले पछाडि प्रदेश भन्या त हाम्रो सरकारले चलाउनेहो प्रदेश सभा भन्या प्रदेस सरकार लाइ सहयोगि मात्रहो भन्ने वास्तममा हो भन्ने ठान्याछ वास्तममा सहयोगि नै हो तर जुन हिसाफले यसलाइ वडि ग्राहिता दिनुप्रथ्यो त्यो सन्द्रभमा प्रदेश सरकार चुकेको मैले अनुभव गरेको छु र प्रदेश सचिवालयको हकमा पनि मैले हेर्दैछु अहिले पनि हेर्दा खेरि हाम्रो सदा सयदा मात्र हैन सत्ता पक्षका साथी हरुको पनि सदासयन्ता देखे मैले अहिले सम्म वास्तम्मा सनसदिय दलका औफिसपनि काहाँछन भनेर खोज्नुपर्ने स्थिति छ । वास्तम्मा यो प्रदेश सभालाइ वढि लाभकारि वनाउनलाइ प्रदेश सचिवालय प्रदेश संसदिय दलका सचिवालय अथवा अन्य अफिस हरु हुन जरुरिछ अहिले सम्म हामि अफिस एककिसिमले हेर्ने वस्ने ठाउ

